नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः२०७५/७६
चलानी नं.: ९५८

मिति : २०७५।०६।२२

श्री नगरपालिकाको कार्यालय, सबै
श्री गाउँपालिकाको कार्यालय, सबै ।

विषय : आवश्यक सहयोग, समन्वय र निर्देशन सम्बन्धमा ।

प्रस्तुत विषयमा गृह मन्त्रालयको प.सं. २०७५/०७६, च.नं. २१८, मिति २०७५/०५/२६ को पत्रबाट नेपाल प्रहरीको स्थानीय विकास र सुरक्षाको बीचमा प्रभावकारी समन्वय स्थापित गर्ने, विद्यमान अपराध र सामाजिक विकृति, विसंगतिहरुमा केन्द्रित रहेर देशव्यापी रुपमा सामुदायिक र विद्यालय सम्पर्क कार्यक्रमहरु सञ्चालन गर्ने तथा सामुदायिक सुरक्षा सचेतना, वातावरण संरक्षण, विपद् व्यवस्थापन ईत्यादिमा स्वयंसेवक परिचालन गर्ने, लगायतका स्थानीय तह र प्रहरीका अन्य साझा जिम्मेवारीहरुको सम्बन्धमा सहकार्य गर्ने प्रमुख उद्देश्यले स्थानीय तहको सहकार्य र समन्वयमा देहायको विषयमा कार्यसम्पादन गर्न स्थानीय तहमा अनुरोध गरिदिनु भनि लेखि आएकोले आवश्यक सहयोग र सहकार्यको लागि आदेशानुसार अनुरोध छ ।

**तपशिलः**

१. स्थानीय विकास र सुरक्षाको बीचमा प्रभावकारी समन्वय स्थापित गर्ने।
२. विद्यमान अपराध र सामाजिक विकृति, विसंगतिहरुमा केन्द्रित रहेर देशव्यापी रुपमा सामुदायिक र विद्यालय सम्पर्क कार्यक्रमहरु सञ्चालन गर्ने,
३. सामुदायिक सुरक्षा सचेतना, वातावरण संरक्षण, विपद् व्यवस्थापन ईत्यादिमा स्वयंसेवक परिचालन गर्ने,
४. स्थानीय तह र प्रहरीका अन्य साझा जिम्मेवारीहरुको सम्बन्धमा सहकार्य गर्ने ।

जनकराज शर्मा
शाखा अधिकृत

**बोधार्थः**
श्री गृह मन्त्रालय, सिंहदरबार ।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।